नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)

फोननं. ४२००४८२
४२००५३१
Website: www.mofald.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७४/७५
च.नं.:- 226

सिंहदरबार, काठमाण्डौ।

मितिः २०७५/०२/१८

विषयः परिपत्र

श्री काठमाडौं महानगरपालिकाको कार्यालय, सुन्धारा, काठमाडौं
श्री ललितपुर महानगरपालिकाको कार्यालय, ललितपुर
श्री कागेश्वरी मनहरा नगरपालिकाको कार्यालय, डाँछी, काठमाडौं
श्री कीर्तिपुर नगरपालिकाको कार्यालय, कीर्तिपुर, काठमाडौं
श्री गोकर्णेश्वर नगरपालिकाको कार्यालय, गोकर्णेश्वर, काठमाडौं
श्री शङ्करापुर जगरपालिकाको कार्यालय, साँखु, काठमाडौं
श्री चन्द्रागिरी नगरपालिकाको कार्यालय, चन्द्रागिरी, काठमाडौं
श्री टोखा नगरपालिकाको कार्यालय, टोखा, काठमाडौं
श्री तारकेश्वर नगरपालिकाको कार्यालय, तारकेश्वर, काठमाडौं
श्री दक्षिणकाली नगरपालिकाको कार्यालय, दक्षिणकाली, काठमाडौं
श्री नागार्जुन नगरपालिकाको कार्यालय, नागार्जुन, काठमाडौं
श्री बुढानिलकण्ठ नगरपालिकाको कार्यालय, बुढानिलकण्ठ, काठमाडौं
श्री चाँगुनारायण नगरपालिकाको कार्यालय, चाँगुनारायण, भक्तपुर
श्री भक्तपुर नगरपालिकाको कार्यालय, भक्तपुर
श्री मध्यपुर थिमी नगरपालिकाको कार्यालय, थिमी, भक्तपुर
श्री सुर्यविनायक नगरपालिकाको कार्यालय, सुर्यविनायक, भक्तपुर
श्री गोदावरी नगरपालिकाको कार्यालय, गोदावरी, ललितपुर
श्री महालक्ष्मी नगरपालिकाको कार्यालय, कमलपोखरी, ललितपुर

प्रस्तुत विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ६२४१ मिति २०७५/२/१३ को पत्रानुसार रिट निवेदक अधिवक्ता तुलसी सिंखडा बिपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको २०७२-WO-०७९२ को रिट निवेदनमा भएको सम्मानित अदालतको आदेश कार्यान्वयनका लागि फैसला कार्यान्वयन अनुगमन समितिको निर्णय बमोजिम उक्त आदेश कार्यान्वयन गरी सो को जानकारी समेत पठाउनु अनुरोध भई आएकोले सो अनुसार गर्नु गराउनु हुन तथा उक्त कार्यको जानकारी समेत यस मन्त्रालयमा पठाउनु हुन आदेशानुसार अनुरोध छ । साथै उक्त आदेशको प्रतिलिपी यसै साथ संलग्न गरी पठाइएको व्यहोरा समेत अनुरोध छ ।

(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्रीप्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (कानुन तथा फैसला कार्यान्वयन शाखा)
श्री जिल्ला समन्वय समितीको कार्यालय (काठमाडौं उपत्यकाका सबै, आवस्यक समन्वय गरिदिनुहुन)
श्री सूचना तथा विद्युतिय शासन शाखा (पत्र website मा राखिदिनुहुन)

Uploaded

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(कानून तथा फैसला कार्यान्वयन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

८१-२०७४/७५

पत्र संख्या :-

च.नं. :- ६२४१

मिति :२०७५।२।१३

विषयः आदेश कार्यान्वयन सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।
श्री वन तथा वातावरण मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

उपर्युक्त विषयमा महान्यायाधिवक्ताको कार्यालयको च.नं. ८३४७ मिति २०७४।१२।३० को पत्रसाथ सम्मानीत अदालतको मिति २०७३/१२/१७ मा भएको आदेश प्राप्त भई व्यहोरा अवगत भयो।

सो विषयका सम्बन्धमा फैसला कार्यान्वयन अनुगमन समितिको मिति २०७५/२/८ गते बसेको बैठकमा छलफल हुँदा अधिवक्ता तुलसी सिंखडा बिपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको ०७२-WO-०७९२ को रिट निवेदनमा भएको आदेश कार्यान्वयनका लागि आदेशको प्रतिलिपी संलग्न राखि वन तथा वातावरण मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने निर्णय भएबमोजिम तहाँ पठाईएको हुँदा आदेश कार्यान्वयन गरी सोको जानकारी यस कार्यालय एवं फैसला कार्यान्वयन निर्देशनालयमा पठाउनु हुन निर्णयानुसार अनुरोध छ । साथै उक्त आदेशको प्रतिलिपी यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ।

बोधार्थः
श्री फैसला कार्यान्वयन निर्देशनालय,
बबरमहल, काठमाडौं ।

(सन्तोष तिमल्सिना)
शाखा अधिकृत

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.............रिट/अभिलेख शाखा)

रामशाहपथ काठमाडौं

पत्र संख्या :- ०७४/०७५/८९५

चलानी नं. :- ८३४७

मिति :- २०७४/१२/३०

विषय :- आदेशको प्रतिलिपि पठाईएको सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार ।

श्री व्यवस्थापिका संसद् सचिवालय, सिंहदरबार ।

श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरबार ।

श्री गृह मन्त्रालय, सिंहदरबार ।

श्री शहरी विकास मन्त्रालय, सिंहदरबार ।

श्री उद्योग मन्त्रालय सिंहदरबार ।

श्री संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, सिंहदरबार ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
दर्ता नं. ५४५१
मिति: २०७५/१/१५

उपर्युक्त सम्बन्धमा रिट निवेदक अधिवक्ता तुलसी सिंखडा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको उत्प्रेषण/परमादेशको आदेश जारी गरी पाउँ भन्ने रिट नं. ०७२-WO-०७९२ को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७२/१२/१६ मा भएको आदेशको प्रतिलिपि यसै पत्रसाथ पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

उक्त आदेश अनुसार गर्नु गराउनु हुन समेत अनुरोध छ ।

शाखा अधिकृत

☎: ४-२६२३९४, ४-२६२६९५, ४-२४०२१०, ४-२१२०४७, फ्याक्स :- ४-२६२५८२, ४-२१८०५१
एक्सचेन्ज :- ४-२१८०९७, ४-२१८०११, ४-२६२४९४, ४-२६२५०६
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np

सर्वोच्च अदालतबाट प्रतिलिपि

सर्वोच्च अदालत, संयुक्त इजलास

सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की

माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत

आदेश

रिट नं.०७२-WO-०७९२

विषयः- उत्प्रेषण।

धादिङ जिल्ला, सल्यानकोट गा.वि.स.वडा नं.७ स्थायी वतन भई हाल का.जि.का.म. न.पा.वडा नं.१६ नयाँ बजार बस्ने अधिवक्ता तुलसी सिखडा----१ निवेदक

विरुद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कोकार्यालय, सिंहदरवार, काठमाडौं-१
नेपाल सरकार, विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौं--१
नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं-------------------------१
नेपाल सरकार, सहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं-----------------१
नेपाल सरकार, उद्योग मन्त्रालय, सिंहदरवार, काठमाडौं-----------------------१ विपक्षी
नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,सिंहदरवार, काठमाडौं------------------------------------------------------------१
व्यवस्थापिका संसद सचिवालय, सिंहदरवार, काठमाडौं----------------------१

नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छ:-

१. रिट निवेदन व्यहोरा

निवेदक नेपाली नागरिक हुँ। नेपालको संविधानले नागरिकहरूलाई मौलिक हक प्रदान गरेको छ। संविधानले प्रत्येक नागरिकलाई स्वच्छ, सफा, शुद्ध र स्वस्थ्य वातावरणको उपभोग गर्ने हक प्रदान रहेको छ। स्वच्छ र स्वस्थ्य वातावरण नै मानव जीवनको पहिलो आधार हो।

त्यसैले पर्यावरण स्वच्छ राख्न वातावरण ऐन, २०५३, वातावरण नियमावली, २०५४ र फोहोर मैला व्यवस्थापन ऐन, २०६८ निर्माण भई लागू भएको छ। तर, काठमाडौं उपत्यका वासी सडकको फोहोर मैला एवं धुवा धुलोको प्रदूषणले आक्रान्त बन्न पुगेका छन्।

काठमाडौं उपत्यकामा करिब पचास लाख हाराहारीमा मानिसहरु बस्दछन्। देशको राजधानीको रुपमा रहेको काठमाडौंमा ठूलाठूला कार्यालयहरु एवं विदेशी दुतावास (Embassy) समेत रहेका छन्। सरकारले वातावरण संरक्षणमा कुनै प्रष्ट नीति तथा दृष्टिकोण निर्माण गर्न सकेको देखिँदैन। यसै क्षेत्रमा उद्योग धन्दा, गार्मेन्टहरु, कलकारखानाहरु स्थापना भई संचालन भएकोले ती क्षेत्रबाट निस्केको धुवाँ, धुलो र फोहोरले राजधानीको वातावरणमा प्रत्यक्ष नकारात्मक असर र मानव जीवनमा प्रतिकूल प्रभाव परेको छ। त्यसैले यी उद्योग धन्दालाई राजधानी बाहिर उपयुक्त स्थानमा स्थानान्तरण गरिनु पर्दछ।

राजधानीलाई प्रदूषणमुक्त बनाई हरेक राजधानी बासीले स्वच्छ, स्वस्थ्य वातावरणमा बाँच्न, हिड्न र जीवन जीउन पाउनु संविधान प्रदत्त मौलिक हक हो। राजधानीबाट निस्कने फोहोर मैलालाई मोहोरमा परिणत गर्ने नीति राज्यले अवलम्बन गरी जैविक मल/प्रांगारिक मलको उत्पादन गर्न सकिन्छ। साथै फोहोर मैलाको दीर्घकालीन समाधानका लागि फोहोर मैला व्यवस्थापन केन्द्र (Sanitary Landfill Site) को व्यवस्था गरी नागरिकलाई स्वच्छ वातावरणमा हिड्डुल गर्ने र स्वस्थ्य जीवन जीउने हकको मूर्तरुपले प्रत्याभूत गर्नु गराउनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी गरी पाऊँ भन्ने निवेदनपत्र।

२. कारण देखाउ आदेश:

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, आदेश जारी गर्नु नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सो समेत संलग्न गरी लिखित जवाफ पेश गर्नु भनी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०७३।१।६ को आदेश।

३. विपक्षीहरुको लिखित जवाफ:

संविधान प्रदत्त नागरिकको स्वच्छ वातावरणको हकलगायतका मौलिक हकहरुको सम्मान, संरक्षण र प्रत्याभूत गर्ने कार्यमा आफ्नो क्षेत्राधिकारभित्र रही प्रभावकारी कार्य सम्पादन गर्न गृह मन्त्रालय सदा प्रयत्नशील र कटिबद्ध रहेको छ। फोहोर मैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ ले फोहोर मैलाको प्रबन्ध गर्ने जिम्मेवारी स्थानीय निकायको हुने व्यवस्था गरेको छ। गृह मन्त्रालयको के कस्तो काम कारवाहीबाट विपक्षीको संविधान एवं कानून प्रदत्त हकमा आघात

परेको हो, तत्सम्बन्धमा निवेदकले कुनै वस्तुगत र ठोस आधार निवेदनमा उल्लेख गर्न सकेको छैन। ठोस आधार र कारण बिना यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन खारेज गरी पाऊँ भन्ने विपक्षीमध्येको नेपाल सरकार, गृहमन्त्रालयको तर्फबाट पर्न आएको लिखित जवाफ।

यस मन्त्रालयको कुन कार्यले निवेदकको संविधान तथा कानूनद्वारा प्रदत्त हक अधिकारमा कसरी असर पुऱ्याएको हो सो सम्बन्धमा रिट निवेदनमा प्रष्ट खुलाइएको छैन। स्पष्ट आधार र कारण विना यस मन्त्रालयलाई विपक्षी बनाउन मिल्दैन। नेपालको राजधानी काठमाडौंलाई प्रदूषणमुक्त बनाउने सन्दर्भमा विभिन्न निकायहरुले आ-आफ्नो भूमिका सक्रियतापूर्वक निर्वाह गर्दैआएका छन्। यस मन्त्रालयसमेतले कानूनले तोकेको आफ्नो भूमिका निर्वाह गरिआएको छ र भविष्यमा पनि गर्ने छ। निवेदकको आधार र कारण बिनाको कपोलकल्पित रिट निवेदन खारेज गरी पाऊँ भन्ने विपक्षीमध्येको नेपाल सरकार, उद्योग मन्त्रालयका तर्फबाट पर्न आएको लिखित जवाफ।

यस व्यवस्थापिका संसद सचिवालयलाई विपक्षी बनाउनु पर्ने आधार र कारण निवेदकले रिट निवेदनमा खुलाउन सकेको छैन। संसद सचिवालयले गर्नुपर्ने कुन काम नगरेको र गर्नु नपर्ने कुन काम गरी संविधान र कानून विपरीतको कार्य गरेको हो सो तथ्य रिट निवेदनमा खुलाइएको छैन। यस सचिवालयलाई विपक्षी बनाउनु पर्ने आधार र कारण खुलाउन नसकेकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने विपक्षीमध्येको व्यवस्थापिका संसदको तर्फबाट पर्न आएको लिखित जवाफ।

नेपालको राजधानी काठमाडौंलाई प्रदूषणमुक्त बनाउने र हरेक राजधानी वासीले स्वच्छ वातावरणमा जीवन जीउने व्यवस्थाको सन्दर्भमा ऐन र नियमावली कार्यान्वयन गर्ने क्रममा विभिन्न निकायहरुले आ-आफ्नो जिम्मेवारी पूरा गरेका छन्। यस सन्दर्भमा शहरी विकास मन्त्रालयले समेत आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। यस मन्त्रालयले समेत राजधानीलाई स्वच्छ सफा तथा प्रदूषणमुक्त बनाउन सक्रिय भूमिका निर्वाह गरेको छ। भविष्यमा पनि आफ्नो दायित्व पूरा गर्ने हुँदा प्रस्तुत कपोलकल्पित रिट निवेदन खारेज गरी पाऊँ भन्ने विपक्षीमध्येका शहरी विकास मन्त्रालयका तर्फबाट पर्न आएको लिखित जवाफ।

नेपाल सरकार, जनसंख्या तथा वातावरण मन्त्रालयले वातावरणसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सन्धी, महासन्धीहरुमा हस्ताक्षर गरिसकेको छ। ती दस्तावेजमा उल्लेखित अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गर्ने सिलसिलामा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण

नियमावली, २०५४ अनुसार विभिन्न योजना, आयोजना तथा कार्यक्रमहरुको वातावरण प्रभाव मूल्याङ्कन गर्दै आइरहेको छ। यस मन्त्रालयअन्तर्गत रहेको विभागले कुन उद्योग कलकारखाना तथा आयोजनाले वातावरण प्रदूषण गरे वा नगरेको सम्बन्धमा विभिन्न समयमा अनुगमन गर्दैआएको र त्यसरी अनुगमन गर्दा प्रदूषण गरेको पाइएमा यस मन्त्रालयले विभागको सिफारिसमा वातावरण संरक्षण ऐन, २०५३ को दफा १८ बमोजिम प्रदूषण गर्ने निकायलाई जरिवाना गर्दैआएको छ। राजधानीमा के कस्ता सडक बनाउन तथा कति लेनको बनाउने भन्ने सम्बन्धमा निर्णय गर्ने अधिकार नेपाल सरकारको कार्य क्षेत्रभित्र पर्दछ। हरेक राजधानी वासीले स्वच्छ वातावरणमा वस्न, हिड्न र जीवन जीउन पाउनु उनीहरुको मौलिक अधिकार हो। आगामी दिनमा राजधानीमा हुने प्रदूषणलाई के कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने बारेमा विभिन्न सरोकारवाला निकायहरुसँग छलफल गरी सोही अनुसारको कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइने हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने विपक्षीमध्येको जनसंख्या तथा वातावरण मन्त्रालयका तर्फबाट पर्न आएको लिखित जवाफ।

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नागरिकहरुको संविधान तथा कानूनद्वारा प्रदत्त हक, अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा प्रतिबद्ध रहेको छ। राजधानीलाई प्रदूषणमुक्त बनाउने निवेदकको निवेदन मागका सम्बन्धमा नेपाल सरकार र सम्बन्धित निकायहरुले देशको राजधानी काठमाडौंलाई स्वच्छ, सुन्दर र सफा राख्ने सम्बन्धमा नीतिगत, कानूनी तथा संस्थागत प्रबन्ध गर्दैआएका छन्। राजधानीको वातावरणलाई स्वस्थ्य र सफा राख्न, फोहोर मैलाको बिसर्जन तथा व्यवस्थापनको लागि निजी तथा सरकारी क्षेत्रको साझेदारी पहल हुँदैआएको छ। नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रुपमा समावेश गरेको र काठमाडौं उपत्यकाको क्षेत्रलाई स्वच्छ तथा सफा राख्ने उद्देश्यले फोहोर मैला व्यवस्थापन ऐन, २०६८, वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ समेत जारी भई कार्यान्वयनमा रहेको छ। नेपाल सरकार उक्त कानूनी व्यवस्था कार्यान्वयन गर्न कटिबद्ध, प्रतिबद्ध र क्रियाशील रहेको छ। निवेदकको औचित्यहीन रिट निवेदन खारेज गरी पाऊँ भन्ने विपक्षीमध्येका नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका तर्फबाट पर्न आएको लिखित जवाफ।

४. निवेदकका कानून व्यवसायीको बहस:

नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश भए प्रस्तुत रिट निवेदनमा निवेदक विद्वान् अधिवक्ता श्री तुलसी सिंखडाले नेपालको संविधानले प्रत्येक नागरिकलाई

स्वच्छ वातावरणमा सम्मानपूर्वक जीवन जीउने मौलिक हक प्रदान गरेको छ। सो मौलिक हक अनुसार काठमाडौं उपत्यकामा फोहोर, धुँवा, धुलो र दुर्गन्धका कारणले सम्मान पूर्वक जीवन जीउन सकिने अवस्था छैन। प्रत्येक दिन उद्योग, कलकारखाना, गार्मेन्ट तथा सवारी साधनहरुबाट निस्कने धुवाँ धुलोको कारणले यहाँका नागरिकहरु उकुस मुकुस वातावरणमा आक्रान्त बनेका छन्। शुद्ध प्राण बायु लिने अवस्था छैन। वातावरण स्वस्थ्य र स्वच्छ बनाउने सरकारको कुनै नीतिगत, कानूनी र संस्थागत प्रयास भएको छैन। सरकारले आफै वा निजी क्षेत्रको सहकार्यमा विभिन्न क्षेत्रबाट निस्कने फोहोरलाई कम्पोष्ट मल बनाएर खेत बारीमा प्रयोग गरी उब्जाउ वृद्धि गर्न सकिन्छ। विकासका कार्य गर्दा वातावरण बिग्रन नदिनेतर्फ सरकार सचेत हुनु पर्दछ। फोहोरलाई मोहोरमा परिणत गरी स्वच्छ सफा वातावरणमा नागरिकलाई हिड्डुल गर्ने र स्वास्थ्य जीवन जीउने हकको प्रत्याभूत गर्नु, गराउनु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी गरी पाऊँ भनी बहस गर्नु भयो।

५. विपक्षीका कानून व्यवसायीको बहसः

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले नेपाल सरकार काठमाडौं उपत्यकाको वातावरणको संरक्षण गरी जनताको स्वस्थ्य जीवनयापन गराउनेतर्फ सक्रिय, गम्भीर र क्रियाशील रहेको छ। निवेदकलाई रिट निवेदन दिने हकदैया रहेको छैन। बिवादको बिषयसंग निवेदकको कुनै सार्थक सम्बन्ध छैन। वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४, फोहोर मैला व्यवस्थापन ऐन, २०६८ निर्माण गरी कार्यान्वयन गरिरहेको छ। घर निर्माणलाई व्यवस्थित बनाउने, एकीकृत बस्तीको विकास गर्ने, उद्योग, कलकारखाना स्थापना गर्दा वातावरणमा प्रतिकूल प्रभाव नपार्ने गरी स्थापना र संचालन गर्न दिने व्यवस्था सरकारले गरेको छ। ज्यादै पुराना सवारी साधनहरुलाई काठमाडौं उपत्यकाबाट विस्थापन गर्ने कार्य गरिरहेको छ। सरकार जनताको स्वास्थ्य जस्तो अति संवेदनशील विषयमा अनदेखा गरिरहेको छैन। वातावरण संरक्षण र जनताको स्वास्थ्य सुधारका लागि नेपाल सरकारको श्रोत र साधनले भ्याएसम्म लागी रहेको छ। नेपाल सरकार वातावरण संरक्षणमा सक्रिय रुपमा लागी परेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भनी बहस गर्नु भयो।

विद्वान् कानून व्यवसायीहरुको बहस जिकिरसमेत सुनी निवेदन माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो, होइन सो सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

६. यस अदालतको आदेशः

निर्णयतर्फ विचार गर्दा, संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्ने

हक प्रदान गरेको छ। काठमाडौं उपत्यकामा बढ्दो जनसंख्या, औद्योगिकरण, उद्योग, गार्मेन्ट र कलकारखानाहरुको स्थापना र त्यहाँबाट निस्कने धुवाँ, धुलो र फोहोर मैलाले राजधानीको वातावरणमा नकारात्मक असर पार्नुका साथै यसले मानव जीवनमा प्रतिकूल प्रभाव पारेको छ। विभिन्न क्षेत्रबाट निस्कने फोहोरलाई जैविक/प्राङगारिक मल बनाउन सकिन्छ। त्यसैगरी फोहोर मैलाको दीर्घकालीन समाधानका लागि फोहोर मैला व्यवस्थापन केन्द्रको स्थापना गर्न सकिन्छ। काठमाडौं उपत्यकामा भएको फोहोर मैलालाई स्थायी व्यवस्थापन गरी उपत्यकाका नागरिकहरुलाई स्वच्छ वातावरणमा हिड्डुल गर्न र स्वस्थ्य जीवन जीउने संवैधानिक हकको प्रत्याभूत गर्नु, गराउनु भनी विपक्षीको नाममा परमादेशको आदेश जारी गरी पाऊँ भन्ने रिट निवेदन माग रहेको देखिन्छ।

नेपालको राजधानी काठमाडौंलाई प्रदूषणमुक्त बनाउने र हरेक राजधानी वासीले स्वच्छ र स्वस्थ्य वातावरणमा जीवन जीउन सक्ने यथोचित व्यवस्था गरिएको छ। यस सन्दर्भमा वातावरण संरक्षण ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयन गरिएको छ। वातावरण संरक्षण गर्न विभिन्न निकायहरुबीच आपसी समन्वय गरी प्रभावकारी भूमिका निर्वाह भइरहेको छ। वातावरण संरक्षणका सम्बन्धमा नीतिगत, कानूनी र संस्थागतरुपमा काम भएको छन्। राजधानीबाट निस्कने फोहोर मैलाको बिसर्जन तथा व्यवस्थापनको लागि निजी तथा सरकारी क्षेत्रको साझेदारी पहल हुँदै आएको छ। संविधानद्वारा प्रदत्त स्वस्थ्य वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक हकलाई संरक्षण गर्न नेपाल सरकार प्रतिबद्ध र क्रियाशील रहेको छ। नेपाल सरकारले आफ्नो कर्तव्य र दायित्व पूरा गरिरहेको हुँदा निवेदकको औचित्यहीन निवेदन खारेज गरी पाऊँ भन्ने नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतको तर्फबाट लिखित जवाफ पर्न आएको देखिन्छ।

सर्वप्रथम प्रस्तुत रिट निवेदन नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम यस अदालतमा दायर भएको र विपक्षीतर्फका सहन्यायाधिवक्ताले निवेदकलाई रिट निवेदन दायर गर्ने हकदैया छैन भनी प्रश्न उठाउनु भएकोले निवेदकलाई प्रस्तुत रिट निवेदन दायर गर्ने हकदैया छ वा छैन भन्ने सन्दर्भमा विचार गर्नुपर्ने देखियो।

रिट निवेदकले नेपालको राजधानी काठमाडौं उपत्यकामा स्थापना भएका उद्योग, कलकारखाना, गार्मेन्ट र सवारी साधनसमेतबाट निस्कने धुँवा धुलोले काठमाडौं उपत्यका वासीको जीवनमा नकारात्मक असर र प्रभाव पारेकोले फोहोर मैलाको स्थायी व्यवस्थापन गरी स्वच्छ वातावरणमा हिड्डुल गर्न पाउने र सम्मान पूर्वक जीवन जीउन पाउने मौलिक हक अधिकारको प्रत्याभूति गराई पाऊँ भनी नेपालको संविधानको धारा ४६, १३३(२) र (३) अन्तर्गत प्रस्तुत रिट

निवेदन पर्न आएको देखिन्छ। नेपालको संविधानको धारा १३३(२) को व्यवस्था हेर्दा सार्वजनिक हक वा सरोकारको कुनै विवाद समावेश भएको कुनैपनि संवैधानिक वा कानूनी प्रश्नको निरुपणका लागि आवश्यक वा उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवादको टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ भन्ने व्यवस्था भएको देखिन्छ। प्रस्तुत निवेदनमा निवेदकले काठमाडौंमा स्वच्छ तथा स्वस्थ्य वातावरण कायम राख्ने उद्देश्य लिई पर्न आएको निवेदनका सन्दर्भमा यस अदालतको संयुक्त इजलासबाट निवेदक बालकृष्ण न्यौपाने विरुद्ध नेपाल सरकार भएको रिट नं.१८५१ को निवेदनमा राष्ट्रिय सम्पदा सबै नागरिकहरुको साझा सम्पत्ति हो। देशको आर्थिक विकास वातावरण संरक्षण इत्यादि विभिन्न दृष्टिकोणबाट देशको नागरिकहरुको सार्थक सरोकार रहेको हुन्छ। संविधानको वर्खिलाप हुने कुनै काम कुरा भए गरेको देखिएमा त्यसको विरुद्धमा संविधानको धारा ८८ को उपधारा (२) अन्तर्गत निवेदन दिने अधिकार प्रत्येक नागरिकलाई प्राप्त हुनेछ। प्रस्तुत निवेदनमा वातावरण संरक्षण र पुरातात्विक महत्वको स्थानको संरक्षणको प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय देखिँदा निवेदकलाई हकदैया रहेको नै देखिन आयो भनी ने.का.प.२०५३ अंक १ पृष्ठ ३३ मा व्याख्या भइसकेको छ। रिट निवेदक काठमाडौं उपत्यकामा बसी कानून व्यवसाय गर्ने एक सचेत नेपाली नागरिक हुन्। काठमाडौंको वातावरण बिग्रदा निवेदकलाई समेत प्रत्यक्ष असर पर्ने देखिन्छ। प्रस्तुत रिट निवेदनमा निवेदकले काठमाडौंको फोहोर मैलालाई दीर्घकालीनरुपले व्यवस्थापन गरी वातावरण स्वच्छ कायम राख्ने सन्दर्भमा निवेदन दिएको देखिँदा प्रस्तुत रिट निवेदनमा उठाइएको विषय सार्वजनिक महत्वको देखिएको र निवेदकको बिवादको विषय वस्तुसंग सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको देखियो। वातावरण संरक्षणको विषय निवेदकको सामान्य जिज्ञापा र चासोको विषयमात्र होइन। यस प्रकारको सार्वजनिक विषयमा रिट निवेदन दिन निवेदकलाई हकदैया रहे भएको नै देखियो। फोहोर मैलाको व्यवस्थापन र वातावरण संरक्षण कुनै राष्ट्रको सीमा वा परिधिभन्दा परको आवश्यकतासँग सम्बन्धित छ। यस्तो बहुआयामिक साझा सरोकारको विषयलाई हकदैया र सरोकारको सीमामा संकुचित राख्नु पनि उचित हुँदैन।

निवेदकले राजधानीका नागरिकहरु धुँवा, धुलो, फोहरको दुर्गन्ध र वातावरण प्रदूषणको कारणले हिड्डुल गर्न तथा मानव जीवन नै अत्यन्त कष्टकर बन्दै गएकोले वातावरण संरक्षण र फोहोर मैलाको व्यवस्थापन गरी नागरिकको मौलिक हकको सुनिश्चित गरी पाऊँ भन्ने महत्वपूर्ण र अहम प्रश्न उठाएको पाइन्छ। बढ्दो शहरीकरण, विभिन्न कारणले काठमाडौंमा भएको जनघनत्व वा नगर वस्तीमा देखिएको बृक्षरोपणमा कमी तथा खुल्ला ठाउँको अभाव, उद्योग धन्दा वा बढ्दो

यातायातका साधनले फ्याक्ने धुवा, सडकमा उडाएको धुलो, काठमाडौंमा बनिरहेका अनेकाअनेक भवन र अनियन्त्रित तथा अव्यवस्थित बसोबासको कारणले काठमाडौंको वातावरण दिन प्रतिदिन प्रदूषित र बस्न कष्टकर बन्दै गएको तथ्यलाई नकार्न सकिदैन। विभिन्न क्षेत्रबाट वातावरण संरक्षण र फोहोर मैलाको व्यवस्थापन गर्ने विकल्पहरुको खोजी भई रहे पनि प्रभावकारी र दीर्घकालीनरुपमा समस्याको समाधानको उपाय अझै प्राप्त हुन सकेको देखिदैन। संविधान, ऐन, कानून, नियमावलीमा भएको व्यवस्था तथा प्रतिबद्धताबाट मात्र समस्या समाधान हुने होइन। यसको प्रभावकारी कार्यान्वयनबाट मात्र वातावरण संरक्षणमा सफलता प्राप्त हुन्छ।

स्वच्छ, स्वस्थ्य वातावरण मानव जीवनको अभिन्न तथा समग्रताको अंग हो। वातावरण बिग्रन गयो भने यसको प्रत्यक्ष प्रभाव र असर मानव जीवन, वनस्पति तथा पशुपंक्षीमा पर्दछ। मानवको बाँच्ने अधिकारभित्र स्वच्छ स्वस्थ्य वातवारणको हक पनि अन्तरनिहित रहेको हुँदा बिग्रदै गएको वातावरण संरक्षणका लागि आज विश्व नै चिन्तित रहेको पाइन्छ।

विभिन्न क्षेत्रबाट निस्केका फोहोरलाई व्यवस्थित रुपमा बिसर्जन गरेर त्यसलाई इन्धन वा जैविक मलको रुपमा प्रयोग गर्न सरकारी पक्षबाट कुनै दीगो कार्य प्रारम्भ भएको देखिँदैन। काठमाडौं उपत्यकाको फोहोर मैला नुवाकोट जिल्लाको ओखरपौवा ल्याण्डफिल्डमा लगेर थुपारिएको छ। त्यो थुपारिएको फोहोर कुहिएर, गन्हाएर मानव वस्तीसमेतलाई असर पर्न गएको भन्ने देखिन्छ। काठमाडौंको यस्तो विकराल समस्यालाई स्थायी रुपमा समाधान गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाई प्रभावकारीरुपमा कार्यान्वयन गर्नुपर्ने नै देखियो।

विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको लिखित जवाफमा राजधानीको वातावरणलाई स्वास्थ्य, सफा राख्न, फोहोर मैलाको बिसर्जन तथा व्यवस्थापनको लागि निजी तथा सरकारी क्षेत्रको साझेदारी पहल हुँदै आएको छ। नागरिकका संविधान तथा कानून प्रदत्त हकाधिकार दिलाउन सरकार प्रयत्नशील रहेको छ भन्ने उल्लेख भएको देखिन्छ। बिपक्षीले लिखित जवाफमा रिट निवेदकले निवेदनमा उठाएको तथ्य स्वीकार गरेको देखिन्छ। तर, काठमाडौं उपत्यका बासीको यो विकराल समस्यालाई तत्काल समाधान गर्न सरकारले प्रयास र पहल गरेको व्यवहारमा देखिदैन।

स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार अर्थात् जीवनको अधिकार (Right to life) लाई आधारभूत मानव अधिकार मानिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Right 1948) को धारा ३ ले प्रत्येक व्यक्तिलाई जीवन , स्वतन्त्रता र सम्पत्तिको अधिकार प्रदान गरेको छ (Everyone has the right to life, liberty and security of person) भनी तथा नागरिक तथा

राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (International Covenant on Civil and Political Rights, १९६६) को धारा ६ ले प्रत्येक व्यक्तिलाई जीवन जीउने हक प्रदान गरेको (Every human being has the inherent right to line..) छ।

विश्वका विभिन्न मुलुकहरूमा विकासको नाममा प्राकृतिक सम्पदाहरूको अधिक र अनियन्त्रित दोहनले एकातिर दिगो विकास नै प्रतिकूलरूपले प्रभावित हुने प्रवृत्ति खडा भएको छ भने अर्कातर्फ भौतिक विकास एवम् औद्योगिक उत्पादनयुक्त वस्तु तथा गतिविधिहरूबाट जल, वायु र भूमि सबै प्रदुषित हुन थालेको तथ्यबाट सचेत भएर विश्वव्यापीरूपमा नै स्वच्छ वातावरणको पक्षमा आवाज उठाउन थालिएको ४ दशकभन्दा बढी भइसकेको छ। संयुक्त राष्ट्र संघको तत्त्वावधानमा जीवन र वातावरण बीचको अन्तरनिर्भरतालाई मध्यनजर राखेर स्टकहोममा सन् १९७२ मा संयुक्त राष्ट्र संघीय मानव वातावरणसम्बन्धी सम्मेलन (United Nations Conference on Human Environment) सम्पन्न भई सम्मेलनबाट विभिन्न २६ वटा सिद्धान्तसहितको स्टकहोम घोषणापत्र (Stockholm Declaration) जारी भएको थियो जुन वातावरण संरक्षणको लागि कोशेढुङ्गा साबित भएको छ। उक्त घोषणापत्रको सिद्धान्त नं. १ ले सम्मानयुक्त र स्वच्छ जीवन जीउनको लागि आवश्यक उचित वातावरणमा मानिसलाई स्वतन्त्रता, समानता र आधारभूत आवश्यकताहरू सहित जीउन पाउने हक रहन्छ र उसँग वातावरणलाई वर्तमान तथा भावी पिँढीसमेतको लागि संरक्षण र सम्वर्द्धन गर्ने पवित्र उत्तरदायित्व पनि रहन्छ (Man has the fundamental right to freedom, equality and adequate condition of life, in an Environment of a quality that permits a life of dignity and well-being, and he bears a solemn responsibility to protect and improve the environment for present and future generations) त्यस्तै संयुक्त राष्ट्र संघको आयोजनामा सन् १९९२ मा सम्पन्न वातावरण र विकाससम्बन्धी संयुक्त राष्ट्र संघीय सम्मेलन (United Nations Conference on Environment and Development) ले पारित गरेको विभिन्न २७ सिद्धान्तसहितको रियो घोषणा पत्र (Rio Declaration) एवम् एजेन्डा २१ (Agenda २१) ले दिगो विकास साथै स्वच्छ वातावरणमा बाँच्ने हकलाई जोड दिएको पाइन्छ। वातावरण संरक्षणको क्षेत्रमा संयुक्त राष्ट्र संघको तत्त्वावधानमा विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू भएका र अधिकांश महासन्धिको नेपाल पक्ष राष्ट्रसमेत रहेको छ। जसलाई कार्यान्वयन गर्नु राज्यको दायित्व हो।

वातावरण र मानव जीवनको पारस्परिक सम्बन्धलाई दृष्टिगत गरेर वर्तमान विश्वमा स्वच्छ वातावरणको हकलाई मानव अधिकारको रूपमा स्वीकार गरेको पाइन्छ भने प्रायसबै मुलुकहरुले आफ्नो देशको संविधानमा स्वच्छ तथा स्वस्थ्य वातावरणको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरी वातावरण संरक्षण सम्बन्धमा कानूनी र संस्थागत संयन्त्रगतको निर्माण गरेको

पाइन्छ। हाम्रो देशमा पनि प्रत्यक्ष र अप्रत्यक्षरूपमा कैयन कानूनमा वातावरण संरक्षणसम्बन्धी व्यवस्था रहेको पाइन्छ। विशेष कानूनको रूपमा वातावरण संरक्षण ऐन, २०५३ जारी भई ऐनका प्रावधानहरूको कार्यान्वयनको लागि कार्यविधिगत व्यवस्थासहितको वातावरण संरक्षण नियमावली २०५४ समेत निर्माण भएको पाइन्छ। उक्त ऐनले दफा २ (क) मा वातावरणका सम्बन्धमा "वातावरण भन्नाले प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणालीहरू, आर्थिक तथा मानवीय क्रियाकलापहरू र यिनका अवयवहरू तथा ती अवयवहरूको बीचको अन्तरक्रिया तथा अन्तर सम्बन्ध सम्झनु पर्छ" भनी परिभाषित गरेको छ।

विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि, १९७२ तथा जलपंक्षीको बसोबास जस्ता अन्तर्राष्ट्रिय महत्त्वका सिमसारसम्बन्धी महासन्धि १९७१ एवम् जैविक विविधता सम्बन्धी महासन्धि, १९७२ लगायत २० वटाभन्दा बढी वातावरण र जैविक विविधताको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूलाई नेपालले स्वीकार गरी सकेको स्थितिमा त्यस्ता सन्धिजनित अन्तर्राष्ट्रिय कानूनले व्यवस्था गरेका प्राबधानहरूलाई सम्मान गर्नु (Obligation to Respect), संरक्षण गर्नु (Obligation to Protect) र परिपालना (Obligation to Fulfill) गर्नुपर्ने दायित्व नेपालको पनि रहेको छ। अत नेपाल सरकार अख्तियार प्राप्त निकायहरूले वातावरण संरक्षणका लागि कानूनसम्मत् विधिको अवलम्बन गरी वातावरण क्षय गर्ने उद्योगलाई चेतावनी दिने वा प्रतिबन्ध लगाउन सक्ने भन्ने देखिन आउँदछ।

नेपालको संविधानको प्रस्तावनामा नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकारको सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ। त्यसैगरी नेपालको संविधानको धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकको व्यवस्था गरिएको छ। धारा १६(१) मा "प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ" भन्ने व्यवस्था भएको पाइन्छ। सम्मानपूर्वक बाँच्न पाउनुको अर्थ गुणस्तरीय जीवन बिताउनु हो। यसका लागि स्वच्छ, सफा र प्रदूषणरहित वातावरणको अपरिहार्यता रहन्छ। त्यसैगरी नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हकको प्रत्याभूत गरेको पाइन्छ। धारा ३०(१) मा "प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ" भन्ने व्यवस्था भएको पाइन्छ। राज्य संचालनको मार्ग निर्देशनका रुपमा रहेको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व सम्बन्धी व्यवस्था नेपालको संविधानले गरेको छ। राज्यका नीतिहरु अन्तर्गत धारा ५१(ज)(५) मा नागरिकलाई स्वास्थ्य बनाउन जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्ने नीति राज्यले लिएको पाइन्छ।

फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३ मा फोहरमैलाको प्रबन्ध गर्ने जिम्मेवारी स्थानीय निकायको हुने भन्ने व्यवस्था भएको पाइन्छ। त्यस्तै सोही ऐनको दफा ४ को उपदफा मा यस ऐनबमोजिम फोहोरमैला व्यवस्थापन गर्ने गराउने दायित्व स्थानीयनिकायको हुनेछ भन्ने व्यवस्था रहेको छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६ मा नगरपालिकाको काम, कर्तव्य र अधिकारअन्तर्गत उपदफा १ को खण्ड (ग) मा नगरपालिकाक्षेत्रमा हुने जल, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने, नगरपालिका क्षेत्रमा सरसफाइको कार्यक्रम सञ्चालन गर्ने गराउने, फोहरमैला सङ्कलन, ढुवानी तथा तह लगाउनेसम्बन्धी कामको सञ्चालन र व्यवस्थापन गर्ने गराउनेसमेतका कानूनी दायित्व सम्बन्धित नगरपालिकालाई तोकिएको पाइन्छ। उल्लिखित कानूनी व्यवस्था अनुसार महानगरपालिको क्षेत्रमा विभिन्न कारणबाट उत्पादन हुने फोहरमैलाको व्यवस्थापन गर्ने गराउने कार्य गरी वातावरण संरक्षण गर्ने कानूनी दायित्व महानगरपालिकामा रहेको पाइन्छ।

वातावरण संरक्षणको लागि वातावरण प्रदुषण गर्ने फोहोरमैलाको उचित व्यवस्थापन गर्नु प्रभावकारी उपाय हो भने सोभन्दा उत्तम उपाय वातावरण प्रदुषित हुने खालका फोहर नै हुन नदिनु अर्थात् पूर्व सावधनी अपनाउनु हो। वातावरण संरक्षण ऐन, २०५३ को दफा ४ मा प्रदुषणको रोकथाम तथा नियन्त्रणको व्यवस्था भएको पाइन्छ। उक्त दफाको उपदफा मा (१)"कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदुषण सृजना गर्न वा तोकिएको मापदण्डविपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनि, ताप, रेडियोधर्मी विकिरण तथा फोहर मैला निष्काशन गर्न, गराउन हुँदैन" भन्ने व्यवस्थासमेत भएको पाइन्छ। कानूनले तोकिदिएको फोहर नगर्ने दायित्वको कार्यान्वयको लागि सम्बद्ध सबै सचेत भई फोहरमैलाको उत्पादनमा न्यूनता भएमा वातावरण प्रदुषणमा स्वतः कमी आउने हुन्छ। वातावरण संरक्षणका लागि सजकता देखाएर नेपाल सरकारले वातावरण संरक्षणका लागि विभिन्न कानूनको निर्माण गरेको देखिन्छ। तर, कानून निर्माण गर्दैमा वातावरण संरक्षण गर्ने राज्यको दायित्व पूरा हुन सक्दैन। त्यसैले कानून निर्माण गर्नु एउटा साधनमात्र हो, नागरिकले स्वच्छ वातावरण प्राप्त गर्नु नै साध्य हो।

राज्यले नागरिकहरुको सम्मानपूर्वक बाँच्ने अवसरको सृजना गर्नुपर्ने देखिन्छ। धुँवा, धुलो, ध्वनी, फोहोर मैला, प्रदुषित वातावरण र दुर्गन्धित स्थानमा नागरिकले सम्मानपूर्वक बाँच्न सक्ने अवस्था रहँदैन। सम्मानपूर्वक बाँच्न स्वच्छ, सफा पर्यावरणको नितान्त आवश्यक पर्दछ। स्वच्छ र सुन्दर पर्यावरण अन्तरपुस्तामा हस्तान्तरण गर्ने वातावरण संरक्षणमा विशेष पहल गर्नुपर्ने देखिन्छ।

काठमाडौं उपत्यकामा विभिन्न क्षेत्रबाट उत्पन्न हुने फोहोर मैलालाई जैविक मल बनाउने वा दीर्घकालिन (Long Lasting) बिसर्जन गर्ने उपाय सरकारले खोज्नु पर्ने देखियो। यसबाट नागरिकहरुले सम्मानपूर्वक बाँच्न पाउने, सफा वातावरणमा हिड्डुल गर्न पाउने र बस्ने पाउने हकसमेत प्रत्याभूत हुन्छ। काठमाडौं उपत्यकामा उत्पादित हुने फोहोर मैलाको उचित व्यवस्थापन भएको नदेखिंदा नागरिकलाई स्वस्थ्य वातावरणमा हिडडुल गर्न र बस्नका लागि राज्यले उपयुक्त व्यवस्था गर्नुपर्ने नै देखियो।

अतः माथि विवेचित आधार र कारणसमेतबाट काठमाडौं उपत्यकालाई वातावरणीयरुपमा स्वच्छ, स्वस्थ, सफा र सुन्दर बनाई नागरिकहरुलाई स्वच्छ, सफा, वातवारणमा बाँच्न पाउने, बसोबास गर्ने, हिड्डुल गर्ने र सम्मानपूर्वक जीवन जीउने हकको प्रत्याभूत गर्न सरकारका केन्द्रीय तथा स्थानीय निकाय, प्रहरी, वातावरण संरक्षणको क्षेत्रमा क्रियाशील संस्थाहरू र नागरिकसमेतको समन्वयात्मक प्रयासबाट काठमाडौं उपत्यकामा रहेका घर, पसल, उद्योग, कलकारखानाबाट निष्कने फोहोर मैलाको दीर्घकालीन विसर्जन (Sanitary Landfill Site) को व्यवस्था गर्नु भनी विपक्षीका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीलाई दिई दायरीबाट प्रस्तुत रिट निवेदनको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा म सहमत छु।

प्रधान न्यायाधीश

इजलास अधिकृतः प्रेमप्रसाद न्यौपाने

कम्प्युटरः अमिररत्न महर्जन

इति सम्वत् २०७३ साल चैत्र १७ गते रोज ५ शुभम्.........................................।